नेपाली राजदूतावास
मस्कट, ओमान
Embassy of Nepal
Muscat, Sultanate of Oman

سفارة النيبال
مسقط - سلطنة عمان

आज मिति २०७८ पौष ७ गते तदअनुसार २०२१/१२/२२ बुधबारका दिन नेपाली दूतावास ओमान र एन.आर.एन.ए. ओमानको संयोजन र सहयोगमा एक नेपाली महिलालाई एअर-स्ट्रेचरको व्यवस्था गरी नेपाल फिर्ता गरिएको छ। ओमानमा घरेलु कामदारको रूपमा कार्यरत निज महिला २०२१/०५/०८ मा कोभिड-१९ को संक्रमण भई सलालास्थित सुल्तान काबुस अस्पतालमा भर्ना हुनुभएकोमा पोस्ट-कोभिड-निमोनिया भएको र त्यसमा थप संक्रमणहरू भइ अर्ध-प्यारालाइसिस समेत भएर अस्पतालमा थलिनु भएको थियो। निजलाई खाना समेत नाकबाट पाइपको सहाराले दिइरहेको थियो भने दिसा-पिसाब समेत अतिरिक्त थैलीमा व्यवस्थापन गर्ने गरिएको थियो। वहाँ विगत ७ महिना देखि अस्पतालमा उपचाररत् रहेकोमा गत ३ महिनादेखि अस्पतालले अब थप सुधार हुन समय लाग्ने र यो अवस्थामा नेपाल लान सकिने भन्ने जानकारी गराएको थियो। नेपालमा वहाँको परिवारका छोरी-ज्वाईंसँग सर-सल्लाह गरी नेपाल पठाउने सहमति अनुसार वहाँको यात्रा समन्वय गरिएको थियो।

वहाँलाई सलालाबाट मस्कटसम्म ओमान एअरको विमानबाट तथा मस्कटदेखि काठमाडौ सलाम एअरको विमानबाट स्ट्रेचरको व्यवस्था गरि नेपाल लगिएको थियो। निजलाई नेपाल पठाउन कुल ३१२६.१०० ओमानी रियाल (करिब नेपाली रू ९,८८,३१६) खर्च लागेको थियो जसमा वहाँको छोरी-ज्वाईंले नेपाली रू ३,१२,६५० व्यहोर्नु भएको थियो भने थप रकम नेपाली दूतावास र एन.आर.एन.ए. को संयोजनमा जुटाइएको थियो। निजको उपचारमा लागेको खर्च अस्पतालले मिनाहा गरेको छ। लामो समयदेखि अस्पतालमा उपचाररत् रही परिवारबाट टाढा हुनु भएको वहाँलाई आज नेपाल पठाई पारिवारिक पुनर्मिलन गराउन पाएकोले दूतावास यस कार्यमा प्रत्यक्ष परोक्षरूपमा सहयोग गर्नु हुने सबै सहयोगी हातहरू, सलाम एअर तथा ओमान एअरको टिम, सुल्तान काबुस अस्पताल सलालाका कर्मचारीहरू तथा सलालावासी सहयोगी नेपालीहरूलाई धन्यवाद प्रकट गर्दछ। साथै उक्त कार्यमा शुरूदेखि नै सम्पूर्णरूपमा सघाउने एअ.आर.एन.ए. ओमानलाई पनि धन्यवाद ज्ञापन गर्दछ।

उक्त यात्रा व्यवस्थापनमा मस्कटमा यस दूतावासका कार्यवाहक राजदूत श्री सोमेश थापा, श्रम सहचारी श्री दिनेश ढकाल र एन.आर.एन.ए. को तर्फबाट उक्त संघका अध्यक्ष श्री बिकल झा विमानस्थलमा उपस्थित हुनुहुन्थ्यो।

साथै मिति २०२१/१२/१९ मा लण्डनबाट नेपाल जाने क्रममा उडानको क्रममै अकस्मात् मृत्यु हुनुभएकी एक नेपाली महिलाको शव तथा वहाँसँगै यात्रामा रहनुभई मस्कटमा रोकिनुभएका परिवारका अन्य सदस्यहरूलाई समेत सहजीकरण गरी सोही उडानबाट नेपाल पठाइएको छ।

नेपाली राजदूतावास
मस्कट, ओमान
२०७८ पौष ०७ गते बुधबार

नेपाली राजदूतावास
मस्कट

Shatti Al-Qurum, P.O.Box 517, PC116, Villa No.2294, Way No.2830, Tel: +968 24696177, Fax : +968 24696772, Email: eonmuscat@mofa.gov.np